प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २३७ | काठमाडौं | सोमबार, ०८ पुस २०८१ | Prabhab National Daily | Monday, December 23, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

जथाभावी औषधीको प्रयोग नगरौं

जथाभावी औषधीको प्रयोगले स्वास्थ्यमा गम्भिर समस्या देखिन सक्छ। त्यसैले,

- मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधी सेवन नगरौं,
- बिरामी हुँदा घरमा बाँकि रहेका पुराना औषधी नखाऔं,
- अरूलाई सञ्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधीको प्रयोग नगरौं,
- सामान्य स्वास्थ्य समस्यामा एन्टिबायटिकको सेवन नगरौं,
- एन्टिबायटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पुरा मात्रामा सेवन गरौं, म्याद नाघेका औषधीलाई जथाभावी नफालौं,
- जनावर तथा पशुपन्छीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भारतमा चलेन आरजुको 'जादू'

भारतीय पक्षको बेवास्तापछि रित्तो हात फर्कंदै

- प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारत भ्रमणको चाँजोपाँजो मिलाउन नयाँ दिल्ली पुगेकी परराष्ट्रमन्त्री आरजुको यसपटक चलेन कुनै जादू
- भाजपाका विदेश विभाग इञ्चार्ज डा. विजय चौथाइवालेसँग आरजुको राखीवाला सम्बन्धनसमेत छ तर यो सम्बन्धले कूटनीतिक सम्बन्धमा निरन्तरता नपाएको टिप्पणी
- मंसिर १७–२० गतेसम्म चीनको भ्रमणमा बिआरआई फ्रेमवर्कमा हस्ताक्षर गरेसँगै प्रधानमन्त्री ओलीसँग भारत झन् रूष्ट

प्रभाव संवाददाता

काठमाडौं– अघिल्लोपटक भदौमा भारत पुग्दा 'हाइ हाइ' कमाएकी परराष्ट्रमन्त्री आरजु राणा देउवा यसपटक भने रित्तो हात नेपाल फर्कने भएकी छन् । युरोप हुँदै भारत पसेर प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण पक्का गर्ने योजना यसपटक सफल नभएपछि आज नेपाल फर्कन लागेकी हुन् ।

प्रधानमन्त्री ओली आरजुले आफ्नो भ्रमण मिलाउनेमा ढुक्क रहेकोमा अब भने निराश भएको बालुवाटार स्रोतले जनायो । परराष्ट्रमन्त्री राणा जर्मनीको बर्लिनबाट भारतको नयाँ दिल्लीमा जाने पक्का भएपछि प्रधानमन्त्री ओलीले आफू चाँडै भारत जाने बताएका थिए ।

'अब मान्छेहरूले पत्याएका छैनन् होला, म केही समयपछि भारत भ्रमणमा पनि जान्छु,' मंसिर २३ गते झापा पुगेका बेला प्रधानमन्त्री ओलीले भनेका थिए । ओलीको बोली र परराष्ट्रमन्त्री राणाको भारत भ्रमणको तयारीले पक्कै यसपटक ओली भारत जाने अड्कलबाजी गरिएको थियो ।

तर भारतमा परराष्ट्रमन्त्री राणालाई भारतीय पक्षले बेवास्ता गरेसँगै उनको कूटनीति असफलसिद्ध भएको विश्लेषकहरूको भनाइ छ । जबकि गत भदौमा आरजुलाई भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, समकक्षी एस जयशंकरले विशेष महत्त्वका साथ भेट दिएका थिए । प्रधानमन्त्री ओलीसँगको सम्बन्ध खासै राम्रो नभएको बेला आरजुको भेटलाई महत्त्वका साथ हेरिएको थियो ।

उक्त भ्रमणमा आरजुले मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका थिए । यद्यपि, मोदीले उनको निम्तोलाई भने स्वीकारेनन् । लगत्तै संयुक्त राष्ट्रसंघको कार्यक्रममा अमेरिकाको न्युयोर्क पुग्दा प्रधानमन्त्री ओलीले पनि मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका थिए । तर पनि मोदीले कुनै प्रतिक्रिया दिएनन् । परराष्ट्रको सचिव तहबाट पनि मोदीलाई नेपाल भ्रमणको निम्तो दिँदा पनि कुनै प्रतिक्रिया नदिएपछि ओली मंसिर १७ गते चीन पुगे । तीन दिन बसेर फर्के ।

चीन भ्रमणले झन् चिढिएको भारतले परराष्ट्रमन्त्रीलाई यसपटक कुनै वास्ता नगरेको बताइएको छ । जबकि यसपटकको भारत भ्रमणमा आरजुले भारतीय प्रधानमन्त्री मोदीदेखि उनका सुरक्षा सल्लाहकार डोभाल, विदेशमन्त्री जयशंकर,

क्रमशः पृष्ठ २ मा

सूर्यदर्शन सहकारी ठगी प्रकरण

रविसहित ४४ जनाविरुद्ध मुद्दा, डेढ अर्ब बिगो माग

- रवि लामिछानेविरूद्ध सम्पत्ति शुद्धीकरणमा २७ करोड ८९ लाख र संगठित ठगीमा तीन करोड ३७ लाख गरी ३१ करोड बिगो र १५ वर्ष कैद
- जिबी राईविरूद्ध बिगो साढे दुई अर्ब, कैद १५ वर्ष
- छविलाल जोशीलाई बिगो ७४ करोड ३४ लाख, कैद १५ वर्ष
- दिपेश पुनविरूद्ध बिगो दुई करोड १४ लाख
- रविपत्नी नीकिता पौडेलसहित पाँच जनाविरूद्ध पनि सम्पत्ति शुद्धीकरण मुद्दा
- गोरखा मिडिया नेटवर्कसहित आठवटा कम्पनी पनि प्रतिवादी

जेबी योञ्जन

रवि लामिछाने

जिबी राई

छविलाल जोशी

काठमाडौं– पूर्वगृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध अधिकतम १५ वर्ष कैद सजाय हुनेगरी कानुनी प्रावधानहरू आकर्षित गर्दै मुद्दा दायर भएको छ । त्यससँगै ३१ करोडभन्दा बढी बिगो माग दाबी पनि भएको छ ।

जिल्ला अदालत कास्कीमा सरकारी वकिल कार्यालयले आइतबार सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण गरी तीन मुद्दामा यति धेरै कैद सजाय र बिगो माग दाबी गरेको हो । सरकारी वकिल कार्यालयका अनुसार सहकारी ऐन, २०७४ को दफा १२२ (त) बमोजिमको कसूर लामिछानेले गरेका छन् । यस प्रावधानमा सहकारी संस्थालाई कसैले हानि–नोक्सानी पुऱ्याउने क्रियाकलाप गरेमा दण्डनीय हुने व्यवस्था छ । त्यसरी सहकारीको रकम हानीनोक्सानी गरेमा रकमको मात्राअनुसार सजाय हुने व्यवस्था छ । रविसहितविरुद्ध एक अर्ब ५१ करोड रूपैयाँ ठगीमा संलग्न भएको सरकारी वकिलको आरोप छ ।

क्रमशः पृष्ठ २ मा

रविको सांसद पद निलम्बन हुने

अदालतमा मुद्दा दर्ता भएसँगै रास्वपा सभापति रवि लामिछानेको सांसद पद निलम्बनमा पर्ने भएको छ । प्रतिनिधिसभा सदस्य लामिछानेलाई पदबाट निलम्बन गर्न माग गरिएको पत्र आइतबार नै संसद् सचिवालय पुगेको छ । सचिवालयका प्रवक्ता एकराम गिरीले पत्र प्राप्त भएको बताए । उनका अनुसार अब प्रतिनिधिसभा सञ्चालन नियमावलीमा टेकेर निलम्बन प्रक्रिया अगाडि बढाइने छ ।

नियमावलीअनुसार संसद्को बैठक चलेको अवधिमा त्यसबारेको जानकारी सदनलाई तत्कालै दिनुपर्ने र नचलेको समयमा सूचना टाँसेर सार्वजनिक गर्नुपर्छ । प्रतिनिधिसभा नियमावलीको दफा २४८ (३) मा लेखिएको छ, 'प्रचलित कानुनबमोजिम तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षका लागि थुनामा रहेकोमा त्यस्तो थुनामा रहेको अवधिभर वा अदालतको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा बस्नुपर्नेमा त्यस्तो थुनामा नबसी फरार रहेको भएमा निजलाई सदस्यका

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

कोरियन भाषा परीक्षामा १२ प्रतिशतमात्र उत्तीर्ण

कूल २६ हजार ७२ जना परीक्षामा सहभागी भएकामा तीन हजार १२६ जनामात्र सफल

प्रभाव संवाददाता

काठमाडौं– दक्षिण कोरियामा रोजगारीका लागि कामदार पठाउन लिइएको कोरियन भाषा परीक्षामा १२ प्रतिशतमात्र उत्तीर्ण भएका छन् । कोरियाको मानव संसाधन विकास सेवा (एचआरडी) ले गत मंसिर २६ देखि पुस २ गतेसम्म लिएको पहिलो चरणको भाषा परीक्षाको नतिजा शनिबार सार्वजनिक गरिको हो । यो म्यानुफ्याक्चरिङ समूहतर्फ कामदार लैजान लिइएको परीक्षाको नतिजा हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको इपिएस कोरिया शाखाले जारी गरेको सूचनाअनुसार कूल २६ हजार ७२ जना परीक्षामा सहभागी भएकामा तीन हजार १२६ जनामात्र उत्तीर्ण भएका हुन् । परीक्षाका लागि ३६ हजार १७९ जनाको आवेदन परे पनि ७२.१ प्रतिशत अर्थात् २६ हजार ७२ जना सहभागी भएका थिए । नेपालको श्रम मन्त्रालय र गणतन्त्र कोरियाको श्रम तथा रोजगार मन्त्रालयबीच सम्पन्न समझदारीपत्रअन्तर्गत नेपाली कामदार लैजान कोरियन भाषा परीक्षा सञ्चालन गरिएको इपिएस कोरिया शाखाले जनाएको छ । कोरिया नेपालीहरूको आकर्षक रोजगार गन्तव्यको रूपमा रहेको छ । दुई सरकारबीच भएको जिटुजी सम्झौताअनुसार त्यहाँ नेपाल सरकार आफैंले कामदार पठाउँदै आएको छ । निःशुल्क जान पाइने र आकर्षक कमाइ हुने भएकाले कोरिया जान लाखौं नेपाली युवाहरू प्रयासरत रहेका छन् । यद्यपि, सीमित कोटामा पर्न वर्षौं प्रयास गर्दा पनि अधिकांश असफल हुने गरेका छन् ।

भाषा परीक्षा उत्तीर्ण हुनेबित्तिकै रोजगारी सुनिश्चित भने नहुने इपिएस शाखाका अधिकारीहरू बताउँछन् । ती अधिकारीका अनुसार भाषा परीक्षा भएकाले अब दोस्रो चरणको स्किल टेस्ट र कम्पिटेन्सी टेस्टमा सहभागी हुनुपर्छ । यी दुवै टेस्टमा उत्तीर्ण भएपछि बल्ल रोस्टरमा पर्न योग्य हुन्छन् । रोस्टरमा परेकाबाट पनि छनोटमा परेका कामदार मात्र कोरिया जान पाउँछन् । रोस्टरमा रहेका नामावली सूचीबाट कोरियास्थित सम्बन्धित कम्पनीले नै कामदार छनोट गरी पठाउने गर्दछ । त्यसरी छनोट भएपछि मात्र भिसा प्रक्रिया पूरा गरी कोरिया जाने गर्दछन् ।

'आकर्षक कमाइ हुने र सरकारीस्तरबाट जान पाउने भएपछि सुरक्षित हुने भएकाले कोरिया जाने सपना बोकेका युवाहरू लाखौं संख्यामा छन्,' इपिएस शाखाका ती अधिकारीले भने, 'तर, सीमित कोटाका कारण सबैले अवसर पाउँदैनन् ।' यद्यपि, दक्षिण कोरियाली सरकारले पछिल्लो समय नेपाली कामदारका लागि कोटा बढाएको छ ।

मुलुकमा रोजगारीको अवसर नहुँदा दैनिक करिब दुई हजार युवा विदेसिने गरेको वैदेशिक रोजगार विभागको तथ्यांक छ । यसरी विदेसिने युवाहरूले पठाउने रेमिटचान्सले मुलुकको अर्थतन्त्र धान्ने काम गरेको छ । मुलुकमा विदेशी मुद्रा भित्र्याउन योगदान गरिरहेको वैदेशिक रोजगारलाई सकारात्मक रूपमा लिनुपर्ने तर यसैका कारण गाउँ रित्तिँदै जानु चिन्ताको विषय भएको सरोकारवालाहरू बताउँछन् ।

साउदीमा थप १०७ जनाले पाए 'एक्जिट भिसा'

काठमाडौं (प्रस)– साउदी अरेबियामा गैरकानुनीरूपमा रहेका थप १०७ जना नेपालीले बहिर्गमन भिसा (एक्जिट भिसा) पाएका छन् । कानुनी हैसियत गुमाएका विदेशी कामदारलाई आफ्नो मुलुक फर्कन साउदी सरकारले दिएको सुविधाअन्तर्गत नेपाली दूतावासमार्फत एक्जिट भिसा दिइएको हो । रियादस्थित नेपाली दूतावासबाट बहिर्गमन भिसाको प्रक्रिया गरिएकामध्ये पछिल्लोपटक थप १०७ जनाले नेपाल फर्कने अवसर पाएका हुन् । यसअघि पनि धेरैले यो भिसाको सदुपयोग गरी नेपाल फर्किसकेका छन् । दूतावासले बहिर्गमन भिसा प्राप्त भएकाहरूलाई यथाशीघ्र नेपाल फर्कन आग्रह गरेको छ ।

एक्जिट भिसाका लागि नेपाली दूतावास रियादबाट फाराम भरेका व्यक्तिहरूले अब आफ्नो एक्जिट भिसाको अवस्थाको बारेमा अनलाइनमार्फत आफ्नो इकामा नम्बर/राहदानी नम्बर प्रविष्ट गरी जानकारी लिन सक्नेसमेत दूतावासले जनाएको छ । 'यदि तपाईंको मोबाइलमा एक्जिट भिसा लागेको म्यासेज आएको छैन भने दमाममा क्षेत्रमा कार्यरत जनसम्पर्क अधिकारीसँग सम्पर्क गरेर आफ्नो एक्जिट भिसाको पेपर लिएर जानुहुन अनुरोध गरिन्छ,' सूचनामा भनिएको छ, 'एक्जिट भिसा लागेको म्यासेज मोबाइलमा आइसकेको छ भने एयरपोर्टमा त्यही म्यासेज देखाउँदा हुन्छ, एक्जिट पेपर लिनका लागि दूतावासमा आइरहनु पर्दैन ।'

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत एक हलाला पनि कहीँ कतै बुझाउनु नपर्ने दूतावासले प्रस्ट पारेको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने जनाइएको छ । एक्जिट भिसामा भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर र आफूसँग भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर एउटै छ/छैन हरेर यकीन गरेरमात्र हवाई टिकट खरिद गर्न पनि दूतावासले आग्रह गरेको छ ।

MARUTI CEMENT
Building Dreams
नेपालको नं. 1
मारुती सिमेन्ट
खिया प्रतिरोधी क्षमता भएको*
खिया लागेको
खिया नलागेको
खिया प्रतिरोधी क्षमता भएको मारुती सिमेन्ट प्रयोग गर्दा खिया लाग्न बाट बचाउँ गर्छ।
विशेषताहरू
नेपाल गुणस्तरीय चुनढुङ्गा देखि उत्पादित।
गुणस्तरमा एकरूपता भएको।
अत्याधुनिक उपकरणमा प्रशोधित भई उत्पादन भएको।
नेपाल गुणस्तर ५७२ अनुसार रसायन तथा भौतिक विशेषता भएको।
विभिन्न रसायनको गुणको कारणले गर्दा खिया प्रतिरोधी क्षमता भएको।
५३ ग्रेड ओ.पि.सी
४३ ग्रेड ओ.पि.सी
मारुती सिमेन्ट पि.पि.सी
*रसायनिक सम्मिश्रणको गुणको आधारमा

पृष्ठ १ बाट क्रमशः

रविसहित ३१...

त्यसरी एक अर्ब रूपैयाँभन्दा बढीको सहकारी ठगीमा १० वर्षसम्म कैद सजाय हुने भनिएको छ। तीन वर्षभन्दा बढी कैद हुने कसूरमा समूह बनाई योजनाबद्ध रूपमा लागेमा कूल सजायको थप आधा सजाय हुने प्रावधान छ। यस्तै, लामिछानेमाथि संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ अनुसार थप आधा सजाय हुनुपर्ने माग सरकारी वकिल कार्यालयको छ। यस आधारमा रविमाथि १० वर्षका साथै त्यसको आधा अर्थात् थप पाँच वर्ष गरी कूल १५ वर्ष सजाय हुनुपर्ने मागदाबीसहित अभियोगपत्र पेस भएको छ। लामिछानेले पोखराको सूर्यदर्शन सहकारीको तीन करोड ३७ लाख रूपैयाँ ठगी गरेको उल्लेख छ। यसैगरी अभियोगपत्रमा लामिछानेले २७ करोड ८९ लाख ४४ हजार ७०५ रूपैयाँ गैरकानुनीरूपमा आर्जन गरेको भनिएको छ। सो आधारमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ३० अनुसार सजाय हुनुपर्ने माग भएको छ।

उक्त दफामा आरोप स्थापित भएमा बिगो असुल्नुपर्ने, त्यसको दोब्बर जरिवाना हुनुपर्ने व्यवस्था छ। साथै, कसूरको मात्रा हेरी दुईदेखि १५ वर्ष कैद सजायको व्यवस्था छ। यस आधारमा रविमाथि सहकारी ठगी र सम्पत्ति शुद्धीकरण अभियोगको अधिकतम कैद मागदाबी १५ वर्ष नै देखिन्छ। फौजदारी कानुनका जानकार वरिष्ठ अधिवक्ता महेश नेपालका अनुसार दुई फरक मुद्दामा १५/१५ वर्ष कैद सजायको माग दाबी भए पनि लामिछानेले छुट्टाछुट्टै कैद सजाय भोग्न पर्दैन। फेरि, सरकारी वकिलको कार्यालयले मुलुकी अपराधसंहिता ऐन, २०७४ अनुसार एकीकृत सजायको मागदाबी गरेको छ।

कास्कीकी जिल्ला न्यायाधिवक्ता कमला काफ्लेका अनुसार लामिछानेकी श्रीमती नीकिता पौडेललाई पनि सम्पत्ति शुद्धीकरणमै प्रतिवादी बनाइएको छ। काफ्लेले प्रभावसँग भनिन्, 'सम्पत्ति शुद्धीकरणको मुद्दामा सम्पत्ति जफत गर्नुपर्ने पनि हुनसक्ने भएकाले श्रीमान्लाई प्रतिवादी बनाउँदा श्रीमती वा श्रीमतीलाई प्रतिवादी बनाउँदा श्रीमान् स्वतः प्रतिवादी कायम हुने व्यवस्थाअनुसार उहाँलाई पनि प्रतिवादी बनाइएको हो।' त्यस्तै प्रहरीका पूर्वडिआइजी छविलाल जोशीविरुद्ध पनि सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोगपत्र दर्ता भएको छ।

जोशीले ७४ करोड ३४ लाख ७१ रूपैयाँ बराबरको सम्पत्ति गैरकानुनीरूपमा आर्जन गरेको दाबी अभियोगपत्रमा गरिएको छ। न्यायाधिवक्ता शर्माका अनुसार सहकारी ठगीका मामिलामा भने सबै प्रतिवादीहरूसँग गरेर कूल एक अर्ब ५१ करोड रूपैयाँ बराबरको बिगो माग गरिएको छ। प्रतिवादीहरूलाई माग गरिएको सजाय कसूरअनुसार फरक-फरक रहेको पनि उनले बताइन्।

आइतबार सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मामिलामा ३१ जनालाई प्रतिवादी बनाइएको छ। त्यसमा सम्पत्ति शुद्धीकरण मामिलामा आठ वटा कम्पनी र पाँच जनाको सम्पत्ति पनि जफत हुनुपर्ने मागदाबी गरिएको छ। त्यसरी सम्पत्ति जफत माग गर्दै प्रतिवादी बनाइएकाहरूमा लामिछानेकी पत्नीसहित जोशीकी श्रीमती पद्मा जोशी, रोचक जोशी, राधा पछाईसँगै मीना पछाईलाई प्रतिवादी बनाइएको छ।

सरकारी वकिल कार्यालयकी न्यायाधिवक्ता काफ्लेका अनुसार लामिछानेले सहकारीको बचत ठगी गरेको रकम नीकिताको खातामा जम्मा गरेको भनिएको छ। नीकिताको नाममा भएको सम्पत्तिसमेत जफत गर्न सरकारी वकिल कार्यालयको माग छ। यदि, नीकितासँगै पद्मा बञ्जाडे, रोचक जोशी, राधा पछाई, मीना पछाईको खातामा आएको रकम ठगीबाट आर्जन भएको ठहर भए अभियोगमा मागदाबी भएअनुसारको सम्पत्तिमात्रै जफत हुन्छ, तर अरु दण्ड सजाय नहुने कानुनी व्यवस्था छ।

त्यस्तै पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दिपेशविरुद्ध पनि मुद्दा दर्ता भएको छ। उनलाई दुई करोड १४ लाख रूपैयाँ बिगो मागदाबी भएको छ। सूर्यदर्शन सहकारी ठगी मामिलामा मूल, थप र पूरक अभियोगपत्र गरी हालसम्म कूल ६३ जना प्रतिवादी कायम भएको वकिल कार्यालयले जनाएको छ। यसअघि कार्यालयले अदालतमा १९ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। त्यसमा गितेन्द्रबाबु (जिबी) राईलाई समेत प्रतिवादी बनाइएको थियो।

आइतबार रविसँगै ३१ जनालाई प्रतिवादी बनाइएको हो। त्यसमध्ये आठ वटा कम्पनी छन्। आरोपीहरूविरुद्ध एक अर्ब ५१ करोड ४० लाख १९ हजार रूपैयाँ बिगो दाबी गरिएको छ। वकिल कार्यालयले लीला पछाई र विश्वविक्रम राईलाई भने क्रिप्टोको कारोबारको आरोपमा पनि मुद्दा चलाइएको छ। सहकारी ठगी प्रकरणमा पूर्वगृहमन्त्रीसमेत रहेका लामिछाने २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका थिए। पहिलो चरणमा पक्राउ पुर्जी जारी भएकामध्ये सूर्यदर्शन सहकारीका पूर्वअध्यक्ष जिबी, उनका दाइ भूपेन्द्र राई, थानबहादुर बुढा, धीरजकुमार दास, हेमन्त अधिकारी, प्रमोद भट्टराई, सुरज श्रेष्ठ, आइस्मा गुरुङ, कविता तामाङ, सागर केसी, दिनेश रोका, ललिता तामाङ, सृष्टि मानन्धर र ऋण अधिकृत बुद्धि गुरुङ फरार छन्।

प्रतिवादीहरू भने नेत्रपाणी बास्तोला, देवेन्द्रबाबु राई, विज्ञान राई, विश्वविक्रम राई, विशाल तामाङ, नवीन अछामी, रविना रिमाल, असरफ अली सिद्धिकी, दीपक लामा, अनन्तबाबु राई, ओमप्रकाश गुरुङ, वीरबहादुर रानाभाट, दीपा न्यौपाने, कल्पनाकुमारी श्रेष्ठ, ज्ञानबहादुर बम्जन, मीना गुरुङ, सूर्यध्वज न्यौपाने, आरती गुरुङ, लीलाबहादुर गुरुङ, पेशलकुमार राई, कृष्णबहादुर गुरुङ, देवकुमार नेपाली र शकुन्तला गुरुङ छन्।

यस्तै, मिश्रकुमारी गुरुङ, रितु ताम्राकार, लक्ष्मीप्रसाद पौडेल, कैलाशकुमार दर्लामी, कुमार रम्तेल, अनुज नकर्मी, शिवबहादुर गुरुङ र भविश्वर अर्याललाई पनि प्रतिवादी बनाइएको छ। आठवटा कम्पनीलाई पनि प्रतिवादी बनाइएको छ। जसमा गोरखा मिडिया नेटवर्क प्रालि, नेचर हर्ब्स इन्टरनेसनल प्रालि, नेचर नेस्ट प्रालि, जिबी ग्रुप अफ कम्पनिज प्रालि, गोर्खा ग्रुप मल्टी इन्भेस्टमेण्ट प्रालि, मन्दरा स्पा एण्ड वेलनेस सेन्टर प्रालि, स्प्रिङउड रियल स्टेट एण्ड हाउजिङ प्रालि र नेपाल श्री मल्टी मिडिया प्रालि छन्।

यसअघि सहकारी ठगी प्रकरणमा प्रहरीले पूर्वगृहमन्त्रीसमेत रहेका लामिछानेसहित ५१ जनालाई प्रतिवादी बनाएर सरकारी वकिलको कार्यालयलाई प्रतिवेदन बुझाएको थियो। प्रतिवेदन अध्ययनपछि सरकारी वकिलको कार्यालयले सहकारी ठगी प्रकरणमा राई, लामिछाने, जोशीलगायतलाई प्रतिवादी बनाएर मुद्दा दर्ता गरेको हो।

• • •

रविको सांसद...

हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुने छैन र त्यस्तो अवधिभर निज निलम्बनमा रहने र पारिश्रमिक, सेवा र सुविधासमेत स्थगित हुने छ।' सभामुखले पत्र प्राप्त गरेपछि निलम्बन प्रक्रिया अघि बढाउने प्रावधान छ। संसद् सचिवालयका प्रवक्ता गिरीले आज सोमबार सभामुख देवराज घिमिरेसमक्ष पत्र पेस गरिने बताए। गिरीका अनुसार कास्की प्रहरीले उनलाई जिल्ला सरकारी वकिलको कार्यालयले पठाएको अभियोगपत्र दर्तासम्बन्धी जानकारी दिने पत्रसमेत संलग्न गरी संसद् सचिवालयलाई पत्राचार गरेको हो।

• • •

भारतमा चलेन...

गृहमन्त्री अमित साह, रक्षामन्त्री राजनाथ सिंह, विदेश मन्त्रालयका सचिव विक्रम मिश्री र भारतीय जनता पार्टी (भाजपा)का विदेश विभाग इञ्चार्ज डा. विजय चौथाइवालेसँग भेट्न चाहेकी थिइन्। तर उनको प्रयास निरर्थक भयो। चौथाइवालेसँग आरजुको राखीवाला सम्बन्धनसमेत थियो। तर यो सम्बन्धले कूटनीतिक सम्बन्धमा निरन्तरता नपाएको एक जना राजनीति विश्लेषकले टिप्पणी गरे।

धुलिखेलमा रहेको विश्वविद्यालयको कार्यक्रम दिल्लीमा !

सबैभन्दा रोचक त परराष्ट्रमन्त्री राणा भारतमा जानका लागि काठमाडौं विश्वविद्यालयको आयोजनामा नयाँ दिल्लीमा कार्यक्रम राखियो। काठमाडौं विश्वविद्यालयको 'नेपाल सेन्टर फर कन्टेमपोररी स्टडिज'ले भारतको इग्रो फाउन्डेसनलाई सहआयोजक राखेर नेपाल-भारत इकोनोमिक कन्क्लेभ नामक कार्यक्रम राखेको थियो शुक्रबार। कार्यक्रमको चाँजोपाँजो भारतको नयाँ दिल्लीको जवहारलाल नेहरू विश्वविद्यालयमा विद्यावारिधि गरेका काठमाडौं विश्वविद्यालयका एसोसिएट प्रोफेसर उद्धव प्याकुरेलले मिलाएका थिए। उनी आयोजक संस्थाका सदस्यसचिवसमेत हुन्।

परराष्ट्रमन्त्रीलाई अर्थतन्त्रसम्बन्धी कार्यक्रमको अतिथि राखेपछि काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापासमेत उक्त कार्यक्रममा गएनन्। थापा वक्ताहरूको पहिलो सूचीमा थिए। प्रधानमन्त्री ओलीको भारत भ्रमण तय गर्नकै लागि गोप्यरूपमा परराष्ट्रमन्त्री राणा जान नमिल्ने भएपछि यस्तो कार्यक्रम राखिएको बताइएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पुस २५ गतेबाट भारत जाने गरी प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तो आइसकेको दाबी गरेको छ। तर परराष्ट्रले भने यसको कुनै तयारी नरहेको जनाएको छ। 'कतिपय कुरा प्रधानमन्त्री ओलीको इन्ट्रेस्टको कुरा हो। उहाँ भारत जान चाहिरहनुभएको छ। तर भारतबाट ग्रिन सिग्नल छैन,' परराष्ट्रका एक उच्च अधिकारीले भने। अहिले परराष्ट्रमन्त्रीको भारत भ्रमण कुनै सरकारी चाँजोपाँजो मिलाउनभन्दा पनि नियमित स्वास्थ्य जाँचका लागि पुगेको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ। 'उहाँ स्वास्थ्य उपचारका लागि जानुभएको हो। यो नियमित हो। त्यसक्रममा कार्यक्रम पनि भएकोले सहभागी हुनुभएको हो। सरकारीस्तरमा भेटवार्ताको कुनै कार्यतालिका थिएन,' सचिवालयले भन्यो।

आइतबार मन्त्री राणाले नयाँ दिल्लीको साकेतमा रहेको म्याक्स अस्पतालमा आफ्नो स्वास्थ्य जाँच गराइन्। २०८० चैतमा पनि आरजुले यहाँ पुगेर थाइराइडको उपचार गराएकी थिइन्। त्यतिबेला उनको हाइपर प्याराथाइरोडिजमको शल्यक्रिया भएको थियो। प्रधानमन्त्री ओलीले गत मंसिर १७ देखि २० गतेसम्म चीनको औपचारिक भ्रमण गरेका थिए। भ्रमणका बेला दुई देशबीच बिआरआई फ्रेमवर्कअन्तर्गतका १० वटा परियोजना अघि बढाउने सहमति भएको थियो। उक्त सहमतिले गर्दा भारत झनै चिढिएको हुनसक्ने अनुमान गरिएको छ। योसँगै ओलीको भारत भ्रमण अनिश्चित हुने देखिएको जानकारहरू बताउँछन्।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/०३/१५ मा दर्ता भएको **प्रा. लि. नं. ३५०१८** को **इन्फो प्लस प्रा. लि. को मिति २०८१/04/01** गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर : शेर बहादुर रोकाया
इजाजतपत्र नं. २८७, फोन नं.९८४१३४०८०३
इमेल : rokayasherbahadur723@gmail.com

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६/०७/०६ मा दर्ता भएको प्रा. लि. नं. **६६९५०७** को **आइ. सि. टि. सी. कम्युनिकेसन प्रा. लि. को मिति २०८१/04/01** गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर : शेर बहादुर रोकाया
इजाजतपत्र नं. २८७, फोन नं.९८४१३४०८०३
इमेल : rokayasherbahadur723@gmail.com

युएइमा रोजगार कम्पनी : Salik Concrete Carpenter Cont

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ LT. No. 315800 चलानी नं. ६०२३००४४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Mason	15	0	1200	४४,२५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Shuttering Carpenters	15	0	1200	४४,२५५							
3	Steel Fixer	15	0	1200	४४,२५५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १५ देखि २३ गते (30 Dec 2024 - 7 Jan. 2025) सम्म हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Access Partners Nepal Pvt. Ltd. Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899, E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

CYPRUS मा रोजगार कम्पनी : S. MERK INTERPRISES LTD

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ LT. No. 311014 चलानी नं. ६०२२५५५७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब EUR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	DOMESTIC WORKER	0	25	400	५६,५४१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १५ गते (30th Dec. 2024) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	५५,०००	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Kathmandu International Incorporate Pvt. Ltd. श्रम ईजाजत नं. ४४१/०६०/६१
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com

युएइमा रोजगार कम्पनी : STALLION ON DEMAND LABOR SUPPLY L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०५/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०७ LT. No. 303491 चलानी नं. ६०२१८४९१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building Labourer	100	0	800	२९,५०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Industrial Electrician	50	0	1200	४४,२५५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १५ गते (30th Dec. 2024) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Like International (Pvt) Ltd. श्रम ईजाजत नं. १५८०/०७९/०८०
Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444, Email: Info.likeinternational@gmail.com

साउदीमा रोजगार कम्पनी : Gulf Asia Contracting Company.

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ LT. No. 315754 चलानी नं.६०२३००८४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Construction Worker	100	0	1000	३६,०००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : Good Cafe for Serving Meal

पूर्व स्वीकृति मिति : २०८१/०९/०५ LT. No. 315683 चलानी नं.६०२३००८३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	food & beverage (restaurant)	1	0	1300	४६,८८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १५ गते (30th Dec. 2024) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590

युएइमा रोजगार कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ LT. No. 315749 चलानी नं. ६०२३००६४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building Worker/labour	35	0	900	३३,१९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Concrete Mason	30	0	1200	४४,२५५							
3	Construction Carpenter General	35	0	1200	४४,२५५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १५ गते (30th Dec. 2024) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705, E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

युएइमा रोजगार कम्पनी : DOUGLAS OHI - L.L.C - O.P.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ LT. No. 315818 चलानी नं. ६०२३००९५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Carpenter	30	0	1200	४४,२५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Mason	10	0	1200	४४,२५५							
3	Scafolder	10	0	1200	४४,२५५							
4	Steel Fixer	30	0	1200	४४,२५५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १५ गते (30th Dec. 2024) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

आजको राशिफल

आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

सोमबार, ०८ पुस, २०८१

मेष	पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ।
वृष	सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने।
मिथुन	अरूको करकापमा काम गर्न बाध्य।
कर्कट	सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने।
सिंह	रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ।
कन्या	दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना।
तुला	सफलताले हौसला, विशेष काममा जग बसाउने।
वृश्चिक	अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता।
धनु	फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन।
मकर	नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने।
कुम्भ	सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण।
मीन	दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला पहरी भक्तपुर)	६६१४८२१
आकस्मिक पहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस् अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६र६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातब्य	४२५५५४०/४२५५५४१
चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

०८ पुस, २०८१ (२३ डिसेम्बर, २०२४)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१०० को	१६०।००	१६०।१५
अमेरिकी डलर	१ को	१३५.४९	१३६.०९
युरो	१ को	१४२.१३	१४२.७६
पाउन्ड स्टिर्लङ	१ को	१७१.४०	१७२.१६
स्विस फ्रैन्क	१ को	१५१.८६	१५२.५३
अस्ट्रेलियन डलर	१ को	८६.०८	८६.४६
क्यानाडियन डलर	१ को	९५.१४	९५.५६
सिङ्गापुर डलर	१ को	१००.३६	१००.८०
जापानी येन	१० को	८.८१	८.८५
चिनियाँ युआन	१ को	१८.६०	१८.६८
साउदी अरब रियाल	१ को	३६.०७	३६.२२
कतारी रियाल	१ को	३७.१७	३७.३३
थाई भाट	१ को	३.९८	३.९९
संयुक्त अरब इमिरेट दिराम	१ को	३६.८९	३७.०५
मलेसियन रिङेट	१ को	३०.४३	३०.५६
दक्षिण कोरियन वन	१०० को	९.४४	९.४८
स्विडिस क्रोनर	१ को	१२.३६	१२.४१
डेनिस क्रोनर	१ को	१९.०६	१९.१४
हङकङ डलर	१ को	१७.४३	१७.५०
कुवेती दिनार	१ को	४४०.२०	४४२.१५
बहराइन दिनार	१ को	३५९.२०	३६०.७९

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

सम्पति शुद्धीकरण निवारणमा नेपालको अवस्था सुधार्न उच्चस्तरीय बैठक

काठमाडौं– सम्पति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे मूल्यांकन र सुधारको भावी कार्यदिशाबारे प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा शीर्ष राजनीतिक नेतृत्व, उच्च प्रशासनिक नेतृत्व र सम्बन्धित निकायका प्रतिनिधिबीच आइतबार उच्चस्तरीय छलफल भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार भएको छलफलमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, उपप्रधानमन्त्री, मन्त्री, राजनीतिक संयन्त्रमा रहेका नेता नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल, नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, कांग्रेस महामन्त्री गगनकुमार थापालगायत सहभागी बैठकमा सम्पति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे प्रस्तुतीकरण गरिएको थियो ।

फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले सम्पत्ति शुद्धीकरण, आतंककारी कार्य तथा आम विनाशका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानीजस्ता गैरकानुनी क्रियाकलाप निवारण गर्ने उद्देश्यका साथ अन्तरष्ट्रिय मापदण्ड निर्धारण गरेको छ । सदस्य राष्ट्रले एफएटिएफका मापदण्ड पालना गर्नुपर्ने छ। नेपाल २०५९ सालमा एफएटिएफको सदस्य भएको थियो । तत्पश्चात् यस क्षेत्रमा कानुनी, नीतिगत र संरचनागतरूपमा काम हुँदै आएका छन् । एसिया प्रशान्त क्षेत्रमा एसिया प्यासिफिक ग्रुप अन मनी लाउण्डरिङ (एपिजी)ले यहाँका मुलुकबीच यस विषयमा साझा काम गर्दै आएको छ ।

एपिजीले गरेको मूल्यांकनमा नेपालसहित विश्वका २५ मुलुक 'जुरिस्डिक्सन अण्डर इन्क्रिइज्ड मनिटरी' (ग्रे लिस्ट)मा पर्ने अवस्थामा रहेकाले यसमा सुधारका लागि बैठकमा सघन छलफल भएको थियो । आगामी जनवरीमा फिलिपिन्समा हुने एपिजीको 'फेस टु फेस' बैठकमा नेपालको राजनीतिक प्रतिबद्धता र सुधारका पहलसहित प्रस्तुति राखेर नेपाललाई 'ग्रे लिस्ट'मा पर्न नदिन पहल गर्न छलफलका क्रममा सुझाव दिइएको छ ।

छलफलमा प्रधानमन्त्री ओलीले यसलाई सबैले गम्भीरतापूर्वक लिएर स्थितिमा सकारात्मक परिवर्तन ल्याउन भोलिदेखि नै प्रभावकारीरूपमा काम गर्नुपर्नेमा जोड दिए । उनले आर्थिक क्रियाकलापमा कतै बढी कडाइ र कतै बढी नरम हुँदा असन्तुलन देखिएको तथा अनेक कार्यविधि र संयन्त्रका कारण उद्योगी, व्यवसायी निरुत्साहित पनि भएकामा यस अवस्थामा सुधार ल्याउनुपर्ने बताए । उनले भर्खरै स्थिरताको लक्ष्यका साथ नयाँ सरकार बनेको र स्थितिमा सुधार गर्न पहल गरिरहेकाले भरपर्दो राजनीतिक प्रतिबद्धताका साथ अन्तर्राष्ट्रिय मञ्चलाई त्यही आधारमा रिपोर्टिङ गर्नुपर्ने बताए ।

नेपाली कांग्रेसका सभापति देउवाले कसले कहाँ के सामान किन्छ भन्ने हिसाबकिताब नै नहुने भएकाले सम्पत्ति शुद्धीकरणलाई कार्यान्वयन गर्नु गाह्रो कुरा हो भने। उनले आर्थिक कारोबारका विविध पक्षबारे जनतालाई सिकाउनुपर्ने र स्थितिमा सुधार ल्याउनुपर्नेमा जोड दिए ।

सम्पति शुद्धीकरणको अवस्थामा सुधार ल्याउन सरकारले गत असार १७ गतेको मन्त्रिपरिषद्को निर्णयबाट नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति स्वीकृत गरेको छ । यही पुस ५ गतेको मन्त्रिपरिषद्को बैठकले सम्पत्ति शुद्धीकरण निवारणका लागि तीन नियमनकारी निकाय तोक्ने निर्णय गरेको थियो । सो बैठकले सवारीसाधन खरिद कर्जा प्रवाह गर्ने व्यवसायी र सामाजिक सुरक्षा कोषका लागि नेपाल राष्ट्र बैंक, सवारीसाधन बिक्री गर्ने व्यवसायीका लागि यातायात व्यवस्था विभाग र इन्भेस्टमेन्ट कम्पनीका लागि नेपाल धितोपत्र बोर्डलाई नियमनकारी निकाय तोकेको थियो । *रासस*

सञ्चार र मिडियासम्बन्धी सम्मेलन सुरू

kathmandu conference
n communi tion and dia
22

काठमाडौं (प्रस)– सामाजिक सञ्जालको व्यापकता र प्रविधिको तीव्र विकास र प्रयोगसँगै आमसञ्चार क्षेत्र देखिएका सम्भावना र चुनौतीबारे बौद्धिक विमर्श गर्ने उद्देश्यले आइतबारदेखि यहाँ सञ्चार र मिडियासम्बन्धी सम्मेलन सुरु भएको छ ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पत्रकारिता विभाग र सेन्टर फर मिडिया रिसर्च नेपालको आयोजनामा आजसम्म चल्ने उक्त सम्मेलनमा व्यापक हुँदै गएको गलत सूचना प्रवाह, सामाजिक सञ्जालको प्रयोग, सञ्चारमाध्यममा देखिने पक्षधरता र सञ्चार साक्षरतालगायत सञ्चारसम्बद्ध एक दर्जनभन्दा बढी विषयमा कार्यपत्र तथा अनुसन्धान पत्रहरूमाथि छलफल हुने छन् ।

सम्मेलनको उद्घाटन सत्रमा प्रमुख विषयवस्तु प्रस्तुत गर्दै प्राध्यापक पी खरेलले प्रविधिले पत्रकार र सञ्चारमाध्यमलाई जतिसुकै सुविधासम्पन्न बनाए पनि घटनाक्रमको स्वच्छ तथ्य संकलनमा आधारित समाचार सम्प्रेषण अझै पनि चुनौतीपूर्ण रहेको बताए । 'प्राप्त सूचनाको सत्यता परीक्षण र पुनःपरीक्षण हुनुपर्ने विचार बुद्धकै पालामा आएको हो तर अहिले पनि पुनःपरीक्षण नगरिएका समाचार सञ्चारमाध्यममा उल्लेख्य मात्रामा भेटिन्छन्,' उनको भनाइ थियो ।

यसबाहेक प्राकृतिक प्रकोप वा दुर्घटनाको समाचार सम्प्रेषणमा अपनाउनुपर्ने सचेतताको अभाव टडकारो देखिएको उनको भनाइ थियो । डिजिटल प्रविधिका कारण परम्परागत आमसञ्चारमाध्यमले आफूलाई अद्यावधिक गर्नुपर्ने उनले उल्लेख गरे। त्रिवि केन्द्रीय पत्रकारिता विभाग प्रमुख डा. कुन्दन अर्यालले पाठक दर्शक र स्रोताहरू विगतको तुलनामा अत्यन्त सक्रिय रहेको उल्लेख गर्दै जिम्मेवारीपूर्वक सम्पादन गरिएका सञ्चार सामग्रीको आवश्यकता अझै टडकारो ढंगले महसुस हुन थालेको धारणा राखे । सम्मेलनको उद्देश्य नियमित पठनपाठनलगायत सञ्चारसम्बन्धी प्राज्ञिक गतिविधि, पाठक, दर्शक र स्रोतालाई एक अर्कासँग नजिक ल्याउनु रहेको पनि उनले बताए ।

सम्मेलनमा नेपाल र दक्षिण एसियाली मुलुकहरू भारत, बंगलादेश र श्रीलंकाका सञ्चारविद् सहभागी छन् ।

हिम रिभर पावर लि.को

वार्षिक साधारणसभा बस्ने सम्वन्धी सार्वजनिक सूचना

दोस्रो प्रकाशन मिति : २०८१/०९/०८

यस कम्पनीको आ.ब. ०८०।८१ को वार्षिक साधारणसभा निम्न मिति, समय, स्थानमा बसी निर्धारित प्रस्ताव उपर छलफल गर्ने गरी संचालक समितिको निर्णय अनुसार आव्हान गरिएकाले सम्पूर्ण शेयरधनीलाई उपस्थितिका लागि सूचित गरिएको छ ।

निम्न:
मिति : २०८१/०९/२९ गते सोमबार
समय : विहान ९:०० वजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय प्राङ्गण,
सिनामंगल, भीमसेनगोला काठमाडौं ।

छलफलका प्रस्ताव:
१. संचालक अध्यक्षज्यूद्वारा प्रस्तुत आ.ब. ०८०।८१ को वार्षिक प्रतिवेदन सम्वन्धमा ।
२. लेखापरिक्षकज्यूद्वारा प्रस्तुत आ.ब. ०८०।८१ को लेखापरिक्षण प्रतिवेदन, आय-व्यय विवरण र वासलात माथि छलफल र सर्मथन गर्ने ।
३. आगामी आ.ब. ०८१।८२ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
४. विविध ।

आज्ञाले
कम्पनी सचिव

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७५/०७/११ मा दर्ता भएको प्रा.लि.नं. २०१४२६ को **शंखरापुर एग्रिकल्चर डेभलपमेन्ट कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

स्वच्छन्द बचत तथा ऋण सहकारी संस्था लि.

चुच्चेपाटी-७, चावहिल, काठमाडौं, फोन नं. ०१४५८२३८६, ४५८२३८८

१५ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस स्वच्छन्द बचत तथा ऋण सहकारी संस्था लि.को मितिः २०८१/०८/२९ गते बसेको संचालन समितिको बैठकको निर्णय अनुसार १५औं वार्षिक साधारणसभा विभिन्न प्रस्तावहरु उपर छलफल गरी पारित गर्न निम्न मिति, समय र स्थनमा हुने भएकाले उक्त साधारणसभामा सम्पूर्ण शेयर सदस्य ज्यूहरूलाई गरिमामय उपस्थितिका लागि यसै सूचना मार्फत हार्दिक आमन्त्रण सहितको यो सूचना प्रकाशित गर्दछौं ।

तपशिल:
मिति: २०८१/०९/२७ शनिबार
समय: बिहान १०:३०
स्थान: संस्थाको कार्यालय प्राङ्गणमा

अध्यक्ष
संचालक समिति

हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको

वार्षिक साधारण सभा बस्ने सूचना

मिति २०८१।०९।०५ (तदनुसार २० डिसेन्बर २०२४) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको ४३ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :
मिति : २०८१ पुस २८ गते (१२ जनवरी २०२५) आईतबार ।
समय : अपरान्ह २:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गोल्छा हाउस, गणबहाल, काठमाडौं ।

छलफलका विषयहरु :
१. आर्थिक वर्ष २०८०।८१ को संचालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको ३१ आषाढ २०८१ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम लाभांश स्विकृत गर्ने ।
४. व्यवसायीक सामाजिक जिम्मेवारीका लागी छुट्याइएको रकम अनुमोदन गर्ने ।
५. कम्पनी ऐनको दफा ७८ अर्न्तगतको प्रतिवेदन र उद्घोषण प्रस्तुत गर्ने ।
६. संचालकहरुको पारिश्रमिक अनुमोदन गर्ने ।
७. आर्थिक वर्ष २०८१।८२ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
८. विविध ।

नोट : साधारण सभा तथा लाभांश वितरण प्रयोजनका लागि कम्पनीको शेयर दर्ता पुस्तिका मिति २०८१ पौष २१ गते एक दिनका लागि बन्द गरिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

अटल वचत तथा ऋण सहकारी संस्था लि.

गोकर्णेश्वर-६, जोरपाटी, काठमाडौं

१५औं वार्षिक साधारण सभाको सूचना !

(प्रकाशित मिति : २०८१/०९/०८ गते, सोमबार)

यस संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०६ मा बसेको बैठकको निर्णय बमोजिम संस्थाको **१५औं वार्षिक साधारण सभा** निम्न तपसिल बमोजिमको मिति, स्थान र समयमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरूलाई गरिमामय उपस्थितिका लागि यसै सूचना मार्फत् जानकारी तथा अनुरोधका साथ हार्दिक आमन्त्रण सहित यो **सूचना** प्रकाशित गर्दछौं ।

तपसिल
मिति : २०८१ साल पौष २७ गते, शनिबार
स्थान : संस्थाको कार्यालय गोकर्णेश्वर-६, जोरपाटी, काठमाडौं
समय : बिहानको १०:३० बजेदेखि ३:०० बजेसम्म

सचिव
सञ्चालक समिति

हिप्को इस्पात लिमिटेड

वार्षिक साधारणसभा सम्वन्धी सूचना

मिति २०८१-०८-२८ को सचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व. २०८०/८१ को वार्षिक साधारण सभा मिति २०८१ पुष २९ गते, विहान ११:०० बजे, कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल २२, काठमाडौंमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरीएको छ ।

छलफलका प्रस्तावहरु:
१. आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०८०/८१ को लेखापरिक्षकको प्रतिवेदन विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/८२ का लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
४. आ.व. २०८०/८१ दफा ७८ को उद्घोषण प्रस्तुत गर्ने सम्वन्धमा ।
५. विविध ।

सञ्चालक समितिको आज्ञाले ।

हिमस्टार उर्जा कम्पनी लिमिटेडको छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस हिमस्टार उर्जा कम्पनी लिमिटेडको संचलक समितिको मिति २०८१/०९/०५ गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको छैटौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति,समय र स्थान :
- मिति : २०८१/०९/२७
- सभा हुने स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. ७, गौरीघाट, काठमाण्डौं ।
- समय : बिहान ११:०० बजे

छलफलका विषय :

क) सामान्य प्रस्ताव
१) अध्यक्ष ज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२) लेखा परिक्षकको प्रतिवेदन सहित २०८१ साल अषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण र तत्सम्बन्धि अनुसुचिहरु माथि छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३) आर्थिक बर्ष २०८१/२०८२ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
४) नियमावलीको दफा २८ को आवश्यक संशोधन गर्ने सम्वन्धमा ।

ख) विशेष प्रस्ताव
१) संस्थाको चुक्ता पुँजी तथा संचित मुनाफको जम्मा रकम भन्दा वढी ऋण लिएको अनुमोदन गर्ने सम्वन्धमा ।

कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Janashakti International Services Pvt.ltd.** इजाजत नम्बर ९९९/०६८/०६९ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सि.नं.	नाम थर	ना.प्र.प्र.नं.
१.	आकृति घिसिङ	२१-०१-७४-०३८३७
२.	विशाल रावल	२-१-३२६१९
३.	गजेन्द्र कुमार वाग्ले	२८७
४.	पदम बहादुर विश्वकर्मा	३९११०
५.	प्रवेश कुमार फियक	३९११०

Janashakti International Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411, 9844661381, 9815039898, 9813413654, 9846702764, 9851105682, 9851084742, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

---

सुन्दरहरैाचा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

क्याटलग विधिबाट १०० KVA को जेनेरेटर खरिद कार्य सम्बन्धी सूचना

(प्रकाशित मिति २०८१/०९/०८ गते)

यस कार्यालयका लागि उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्) खरिद गर्ने कार्यविधि, २०७४ अनुसार देहायका मालसामान खरिद गर्नुपर्ने भएकाले त्यस्तो मालसामान उत्पादन वा विक्री वितरण गर्ने इच्छुक आधिकारिक फर्म वा कम्पनी वा संस्थाले आफ्नो फर्म दर्ता, एजेन्सी दर्ता, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/२०८१ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समावेश गरी तपसिलमा उल्लेखित सामानहरूको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी सिलबन्दी प्रस्ताव दर्ताको लागि यो ८ दिने सूचना प्रकाशित गरिएको छ । प्रस्ताव दर्ता गर्न चाहने उत्पादक वा अधिकृत बिक्रेताहरूले मिति २०८१-०९-१६ गते समय दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गराइसक्नु पर्नेछ । नियम अनुसार पेस हुन आएका सिलबन्दी प्रस्तावहरूलाई मिति २२०८१-०९-१६ गते दिउँसो २:०० बजे यस कार्यालयमा खोलिने छ । प्रस्ताव पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन तोकिएको समय भित्र पेस गर्न सकिनेछ । कार्यालयले जारी गरेको आधिकारीक स्पेशिफिकेसन यस कार्यालयको वेबसाईडमा प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	विवरण	इकाई	परिमाण	कैफियत
१	जेनेरेटर	थान	१.००	

प्रमुख प्रशासकीय अधिकृत

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८१/०९/०८

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिनु बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८१/०९/१४

बोलपत्र खोलिने मिति
२०८१/०९/१६ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : पूर्ण माया राना (विविध कर्जा)- शाखा कार्यालय बुटवल** (ना.प्र.नं. २/५४५६, मिति २०६३/०६/०६ मा जि.प्र.का. पाल्पाबाट जारी भएको) ठेगाना : बुटवल वडा नं. ०८, रुपन्देही, पति : थमन राना, ससुरा : पदम बहादुर राना **व्यक्तिगत जमानीकर्ताहरू :** **१. ललित राना** (ना.प्र.नं. २३१९९, मिति २०६०/०८/१६ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), बाबु : थमन राना, बाजे : पदम बहादुर राना **२. थमन राना** (ना.प्र.नं. २/५४५४, मिति २०६३/०६/०६ मा जि.प्र.का. पाल्पाबाट जारी भएको), बाबु : पदम बहादुर राना, बाजे : खडग बहादुर राना	पूर्णमाया रानाको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल गा.वि.स/न.पा. वडा नं. १० स्थित कि.नं. ७२(२९६.५० व.मी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बुटवल, रुपन्देही

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

क्रिकेट, क्यान अनि अबको ध्यान

बिग्रँदो अर्थतन्त्रलाई चलायमान बनाउने एउटा माध्यम खेल पनि हो। विश्वका धनी मुलुकहरू महत्त्वपूर्ण खेलहरू आयोजना गरेर खेल पर्यटनलाई बढावा दिन लागि पर्छन्। साउदी अरब २०३४ मा विश्वकप फुटबल आयोजना गर्न धुमधामका साथ १५ वटा अत्याधुनिक रंगशाला बनाउन लागिपरेको छ। यसरी खेल पर्यटक भित्र्याउन विकसित देशहरूसमेत मरिहत्ते गर्छन्।

नेपालको सन्दर्भमा पहिलो त पूर्वाधार नै छैन। मुस्किलले दशरथ रंगशालामा कुनै खेल भएमा नेपाली दर्शक ओइरिन्छन्। यसपटक नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट भयो। पहिलोपटक आयोजना गरिएको फ्रेञ्चाइज प्रतियोगितामा आठ समूह सहभागी थिए। तीन हप्ता चल्दा प्रतियोगितामा नेपाली दर्शकको भरपुर साथ रह्यो। चाखलाग्दा खेलहरूमा केहीबेरमै टिकट 'सोल्डआउट' हुन्थ्यो। नेपाल क्रिकेट संघ (क्यान)का अनुसार यो खेलमा चार करोड रूपैयाँ टिकट बिक्रीबाट नै आम्दानी भयो।

क्षमता अभावका कारण कतिले रुखमै चढेर खेल हेरे भने कतिले सुरक्षा चुनौतीलाई ख्याल गर्दै घरबाटै टेलिभिजनमार्फत हेरे। यसले पनि पुष्टि हुन्छ खेल पर्यटनले देशको आर्थिक पाटोमा पुग्ने योगदान। यसका लागि पक्कै पनि सरकारले पूर्वाधार विकासमा ध्यान दिनैपर्छ। आइतबारमात्र खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलकुद मन्त्रालयलाई नगरपालिकालाई जति पनि बजेट नदिने दुखेसो पोखेका छन्। पूर्वाधार हेर्ने हो भने मन्त्रीको भनाइ पुष्टि हुन्छ। तर मन्त्रीले यो निरीहता देखाउने हैन।

जहाँ सम्भावना छ, त्यहाँ लगानी गर्नुपर्छ। खेल पर्यटन देशको अर्थतन्त्र चलायमान बनाउने एउटा अभिन्न अंग बनाउन नीतिगत सुधार पनि गर्नैपर्छ। यसपटक क्यानले राम्रो प्रयास गरेको छ। यसपटकको खेल अबका दिनमा निरन्तर जारी राख्नुपर्छ। खेल जारी राख्दा एक त खेलाडीले आफ्नो सीप तिखार्ने अवसर पाउँछन् भने अर्कोतर्फ उनीहरू विदेसिनबाट पनि रोक्छ। खेल भइरहँदा नयाँ प्रतिभाका लागि पनि यस क्षेत्रमा लाग्ने प्रोत्साहन मिल्छ। खेलाडीहरूलाई व्यावसायिक बनाउँदै खेलक्षेत्रमै टिकाउन सहयोग पुग्छ।

बलियो पूर्वाधार नहुँदा दर्शक रुखमै चढ्ने, पार्किङमा समस्या देखिनुका साथै समर्थकबीच कुटपिटका घटनासमेत भएका छन्। खेलहरूमा छिटफुट घटना हुनु सामान्य मानिएला, तर सिटको अभावमा रुखमा चढ्नुपर्ने बाध्यता हट्नुपर्छ। यसैगरी जातिवादी, क्षेत्रीयतावाद, नश्लीयवादका रूपमा खेलाडीलाई गालीगलौचमा उत्रने 'ट्रेन्ड'लाई सभ्य भएर रोक्नुपर्छ। यस्ता विषय सुधार गर्दै लैजाने विषय हुन्। यसका लागि राज्य पनि दत्तचित्त भएर अगाडि बढ्नुपर्छ। यसो भएमा नेपाली क्रिकेट अझै अब्बल बन्दै जाने छ। एनपिएलले जगाएको उत्साहले निरन्तरता पाओस्।

मनन्योग्य

चाणक्य नीति

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !' 'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ। अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ।'

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन्। चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन्। सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए। चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे। धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ। छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ। अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ।'

यो आदेश पाएर त्रिनेत्र हिंडे। महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे। त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किँदै भने- 'देख्यौ तिमीले! वास्तविक युद्ध अब हुन्छ। राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ। यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ। सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ। राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ। यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ। जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ।'

एनपिएल क्रिकेट : बिर्सिन नसकिने प्रतियोगिता

■ राजु सिलवाल

> नेपालमा पहिलोपटक आयोजना गरिएको एनपिएल क्रिकेट हेर्नका लागि पहिलो दिनदेखि नै उपस्थित भएका अपार जनसमूहको क्रिकेट "क्रेज" देखेर विश्वका क्रिकेटप्रेमीहरू चकित परेका छन्। नेपाल र विश्वको विभिन्न देशका क्रिकेट स्टारहरू सम्मिलित आठवटा नेपाली टिमबीच भएको रोमाञ्चकारी प्रतिस्पर्धाले बिर्सिन नसकिने प्रतियोगिताको रूपमा एनपिएललाई स्थापित गरिदिएको छ। नेपालमा व्यावसायिक खेलको विकासका लागि महत्त्वपूर्ण जग बसाउन एनपिएल सफल भएको मानिएको छ।

■ ■ ■

क्रिकेटका लागि नेपाल उपयुक्त मुलुक भएको प्रमाणित गर्दै नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट सम्पन्न भएको छ। अन्तर्राष्ट्रिय टेलिभिजनहरूको प्रत्यक्ष प्रसारणमार्फत विश्वका क्रिकेटप्रेमीहरूले सुन्दर हिमशृंखला, रमणीय प्राकृतिक एवं सांस्कृतिक स्थलहरूको दृश्यावलोकन गर्दै क्रिकेट खेल हेर्ने अवसर पाएका छन्।

नेपालमा पहिलोपटक आयोजना गरिएको एनपिएल क्रिकेट हेर्नका लागि पहिलो दिनदेखि नै उपस्थित भएका अपार जनसमूहको क्रिकेट 'क्रेज' देखेर विश्वका क्रिकेटप्रेमीहरू चकित परेका छन्। नेपाल र विश्वको विभिन्न देशका क्रिकेट स्टारहरू सम्मिलित आठवटा नेपाली टिमबीच भएको रोमाञ्चकारी प्रतिस्पर्धाले बिर्सिन नसकिने प्रतियोगिताको रूपमा एनपिएललाई स्थापित गरिदिएको छ। नेपालमा व्यावसायिक खेलको विकासका लागि महत्त्वपूर्ण जग बसाउन एनपिएल सफल भएको मानिएको छ।

खेलमा भन्नै नसकिने

एनपिएल क्रिकेट प्रतियोगिताको प्रारम्भदेखि नै सुदूरपश्चिम रोयल्स टिमले सशक्तरूपमा दाबेदारी प्रस्तुत गर्दै अंक तालिकामा अग्रता कायम गर्दै आइरहेको थियो। टाइगर उपनामले परिचित नेपाली राष्ट्रिय टिमका भरपर्दा खेलाडी दीपेन्द्रसिंह ऐरीको नेतृत्वमा सुदूरपश्चिम टिमले प्रत्येक म्याचमा बलिङ, ब्याटिङ तथा फिल्डिङ सबै क्षेत्रमा उत्कृष्ट प्रदर्शन गर्दै दर्शकहरूको मन जित्न सफल भएको थियो। विभिन्न देशका अन्तर्राष्ट्रिय खेलाडीहरूले पनि सुदूरपश्चिमको अग्रतालाई अगाडि बढाउन महत्त्वपूर्ण खेलेका थिए। यस्तै सुदूरपश्चिमको पहिलो खेलदेखि नै अत्यधिक खेलप्रेमीहरू पनि देउडा र स्थानीय भाखा गाउँदै टिमको समर्थनमा उर्लिएका थिए। तर फाइनलको दिन अपेक्षित प्रदर्शन हुन सकेन। सुदूरपश्चिमले ब्याटिङ राम्रो गरे पनि बलिङ राम्रो गर्न नसकेको स्वयं कप्तान ऐरीले स्वीकारेका छन्।

एनपिएल क्रिकेट प्रतियोगिताको फाइनलमा जनकपुर बोल्ट्स टिमले सुदूरपश्चिम रोयल्स टिमलाई पाँच विकेटले पराजित गरी उपाधि जित्न सफल भएको थियो। जनकपुर पनि प्रारम्भिक खेलदेखि नै सुदूरपश्चिमलाई अंक तालिकामा पछ्याउँदै थियो। एनपिएलको फाइनलमा जनकपुर र सुदूरपश्चिमबीच तेस्रो भिडन्त भएको थियो। जनकपुर यसअघि लिग र क्यालिफायर एकमा गरी दुईपटक सुदूरपश्चिम टिमसँग पराजित भइसकेको थियो। पछिल्लो खेलमा सुदूरपश्चिमसँग आठ विकेटले पराजित भएको जनकपुरले फाइनलमा उच्च मनोबलका साथ प्रतिस्पर्धा गरेर उपाधि हात पार्न सफलता प्राप्त गरी विगतको पराजयको बदला लिन सफल भएको थियो। यसमा अतिथि खेलाडी लाहिरू मिलान्थाको सर्वाधिक ८७ रनको योगदान महत्त्वपूर्ण रह्यो।

जनकपुर टिम लिग चरणमा पनि चितवन राइनोज टिमसँग पनि पराजित भएको थियो। तर पहिलो खेलमा नै विराटनगर किंग्सलाई आठ विकेटको अन्तरले पराजित गरी सशक्त उपस्थिति देखाएको जनकपुरले प्रतियोगिता अवधिभर कूल आठवटा जित हात पारेको थियो। फाइनलमा पराजित सुदूरपश्चिम टिमले भने फाइनलअघि एक खेलमा मात्र हार व्यहोरेको थियो। जितपछि प्रतिक्रिया दिँदै फाइनलमा जनकपुरका कप्तानको जिम्मेवारी सम्हालेका आशिफ शेखले जितको श्रेय आफ्नो टिमका सबै सदस्यहरूलाई दिने बताएका थिए।

सर्वाधिक रकमको प्रतियोगिता

एनपिएल क्रिकेटका सहभागी आठ टिम खरिददेखि खेलाडी छनोट, प्रतियोगिता सञ्चालनसमेतका लागि विभिन्न व्यापारी र व्यापारिक प्रतिष्ठानले करोडौं रूपैयाँ लगानी गरेका थिए। पुरस्कारका लागिसमेत करोडौं रूपैयाँ खर्च गरिएको छ। एनपिएल नेपालमा हालसम्म भएका खेलकुद प्रतियोगितामध्ये एनपिएल सर्वाधिक राशिको पुरस्कार भएको प्रतियोगिता बन्न सफल भएको छ।

एनपिएलमा सर्वप्रथम भएको जनकपुर बोल्ट्स टिमले एक करोड १० लाख रूपैयाँ पुरस्कारसहित ट्रफी जितेको छ। यसैगरी दोस्रो हुने सुदूरपश्चिम रोयल्सले ५१ लाख रूपैयाँ पुरस्कार पाएको छ। प्रतियोगितामा तेस्रो हुने कर्णाली याक्सले २५ लाख तथा चौथो भएको चितवन राइनोजले १५ लाख रूपैयाँ पुरस्कार पाएको छ। यो प्रतियोगिताले खेलाडीलाई कार चढ्ने अवसर प्रदान गरेको छ। प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित भएका सुदूरपश्चिम टिमका कप्तान दीपेन्द्रले करिब ६२ लाख रूपैयाँ मूल्य पर्ने चाइनिज कार पुरस्कार जितेका छन्। उनले प्रतियोगितामा अब्बल कप्तानको भूमिका निभाउँदै आफूले पनि कूल २२७ रन तथा नौ विकेट लिएका थिए। प्रतियोगिता अवधिभर कूल १७ विकेट लिन सफल ललित राजवंशीले उत्कृष्ट बलर पुरस्कारबापत मोटरसाइकल हात पारेका छन्। यसबाहेक विभिन्न नेपाली तथा अतिथि खेलाडीहरूले नगद पुरस्कार प्राप्त गरेका थिए।

'म्याच फिक्सिङ' टऱ्यो

विभिन्न मुलुकमा बेलाबखत भएका क्रिकेट प्रतियोगितामा 'म्याच फिक्सिङ' भएको सुनिने गरिएको छ। यसपालि एनपिएलमा पनि मिलेमतोमा खेलेर 'म्याच फिक्सिङ' होला कि भनेर उच्च सतर्कता अपनाइएको थियो। यसका लागि सुरक्षा अधिकारीहरूलाई नै जिम्मा दिइएको थियो। सुरूमा सट्टेबाजीको आरोपमा केही व्यक्ति पक्राउ परेता पनि खेल क्रमिकरूपमा अघि बढ्दै जाँदा सुरक्षा सतर्कताको कारण त्यस्ता समस्या पुनः देखिएनन्।

यसैगरी प्रतियोगिताको सहभागी आठवटै टिममा पनि सुरक्षा अधिकारीहरूलाई पनि सतर्कता गराइएको थियो। यस्तो अवस्था आएको भने अन्तर्राष्ट्रिय जगतमा मुलुककै बदनामी हुनसक्थ्यो। तर सहजरूपमै प्रतियोगिता सम्पन्न भएपछि आयोजकहरू ढुक्क भएका छन्। यस्तै प्रतियोगिता अवधिभरको सुरक्षा पनि सहज बनाउनु सम्बन्धित अधिकारीहरूको चुनौती रहेको थियो। एनपिएल प्रारम्भ भएको बेला टिकट किनेकाहरूलेसमेत रंगशालाभित्र प्रवेश नपाएर समस्या बनेको थियो। रंगशालाभित्र प्रवेश गर्नेक्रममा भएको हुलदंगामा किचिएर केही व्यक्ति घाइतेसमेत भएका थिए तर दिनहुँ खेलमा दर्शकहरूको उल्लेखनीय उपस्थिति भएता पनि पछि त्यस्ता समस्या दोहरिएन। फाइनलको सम्पूर्ण टिकट केही दिनअघि नै सकिए पनि सुरक्षाको दृष्टिले गम्भीर समस्या आइपरेन।

शालीन दर्शक

एनपिएल क्रिकेटको सुरूदेखि अन्त्य सम्मका खेलहरूमा दर्शकहरूको उपस्थिति उल्लेख्य रह्यो। हाल जाडोको याममा पनि बिहान सबेरैदेखि दर्शकहरू कीर्तिपुर पुगेका थिए। बिदाको दिनबाहेकका खेलहरूमा पनि दर्शकहरूको सहभागिता उल्लेख्य रहेको थियो। खेल हेर्न मानिसहरू नेपालका विभिन्न स्थानबाटसमेत आएका थिए। चौरमा बसेर क्रिकेट हेर्न पनि दर्शकहरूले टिकट काटेका थिए।

खेल अवधिभर दर्शकहरूले विभिन्न गीत गाएर, नाचेर खेलाडीहरूलाई उत्साहित बनाएका थिए। अझ फाइनलको दिन दशौं हजार दर्शकहरू उपस्थित भएता पनि कुनै अप्रिय घटना घटेन। जनकपुरले विजय हासिल गरेपछि गरिएको आतासबाजीको बेला दर्शकहरूले नाचगान गरी रमाइलो गरेका थिए। जनकपुर टिमका अमेरिकी ब्याटर लाहिरू मिलान्थाले सर्वाधिक २९३ रन बनाएबापत प्राप्त गरेको पुरस्कार दर्शकहरूलाई समर्पित गरेका थिए।

कमेण्टेटर एन्ड्रको नेपाली मोह

अन्तर्राष्ट्रिय क्रिकेट कमेण्टेटर एन्ड्र लियोनार्ड एनपिएलको फाइनलको पुरस्कार वितरणका बेला नेपाली पोसाक लगाएर उद्घोषण गर्दै थिए। उनले यसअघि पनि अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाली पोसाकमै प्रत्यक्ष प्रसारण गरिसकेका छन्। उनले विश्वचर्चित क्रिकेट स्टार ब्रायन लारालाई प्रत्यक्ष प्रसारणकै बेला नेपालको ढाका टोपी उपहार दिँदै 'दाइ' भनी सम्बोधन गरेका थिए।

उनी नेपालका शुभचिन्तक मानिन्छन्। उनले हरेकपटकको क्रिकेटमा नेपालको खेलको प्रत्यक्ष प्रसारण गर्दा विश्व मानचित्रमा नेपाललाई चिनाउने गरेका छन्। उनलाई यसपालि प्रधानमन्त्री केपी शर्मा ओलीले सम्मानित गरेका थिए। एनपिएलको ३२ वटै खेलका सिलसिलामा एन्ड्रुलगायत अन्य अन्तर्राष्ट्रिय कमेण्टेटरहरूले नेपालको प्रवर्द्धन गर्न योगदान गरेका छन्। सबैजसो कमेण्टेटरले सुरूमा नेपाली भाषामा उद्घोषण गरेर नेपाली दर्शकहरूको मन जितेका थिए।

प्रधानमन्त्री ओलीको प्रतिबद्धता

एनपिएल क्रिकेट हेर्न कीर्तिपुर रंगशालामा हजारौं मानिसको भीड लागेता पनि त्यहाँको भौतिक अवस्था सन्तोषजनक बनाउन सकिएको छैन। टिकट काटेर गएका दर्शकलाई बस्नका लागि उपयुक्त सिटकोसमेत व्यवस्था गर्न सकिएको छैन। यसबारे प्रधानमन्त्री केपी शर्मा ओलीले चासो व्यक्त गरेका छन्। कीर्तिपुर क्रिकेट रंगशालामा अन्तर्राष्ट्रियस्तरको प्यारापिट निर्माण र फ्लडलाइट जडान कार्य तीन सिफ्टमा फटाफट काम गरेर निर्धारित समयमै सम्पन्न गर्न जोड दिएका छन्। उनले काम छिटो सक्न र आवश्यक सुझाव तथा खबरदारी गर्न सबैलाई अनुरोध गरेका छन्।

मन्त्रिपरिषद्को पहिलो बैठकले कीर्तिपुरको क्रिकेट रंगशालाको प्यारापिट निर्माण र फ्लडलाइट जडान गर्ने निर्णय गरेको थियो। तर एनपिएलका बेला यो सम्भव हुन सकेन। प्रधानमन्त्री ओलीले नेपाल क्रिकेट संघ (क्यान) का पदाधिकारीसहित क्रिकेट खेलाडीहरूलाई बालुवाटारमै बोलाएर यसबारे छलफल पनि गरेका थिए। त्यसबेला विश्वस्तरीय रंगशाला नेपालमा आवश्यकता भएको कुरा उठेको थियो।

क्यानका पदाधिकारीहरूले बरु अलि समय दिएरै विश्वस्तरको रंगशालाको राम्रो डिजाइन गरौं, हतार नगरौं भन्ने सल्लाह दिएका थिए। तर जग्गा प्राप्तिलगायत झन्झटिलो प्राविधिक प्रक्रियाले बढी समय लाग्ने नै भयो। यसबाट प्रारम्भिक प्राविधिक डिजाइन तय गर्ने काममा केही ढिलाइ हुनपुग्यो। गत शुक्रबारको कीर्तिपुरमा प्यारापिट निर्माण तथा फ्लडलाइट जडानका लागि बोलपत्र आह्वान भएको थियो। क्यानका सचिव पारस खडकाले आगामी वर्षको एनपिएल क्रिकेट प्रतियोगिता फ्लडलाइटमा राति पनि सञ्चालन गर्न सकिने अपेक्षा गरेका छन्। क्रिकेट रंगशालालाई विश्वस्तरको बनाउने योजना त्यसपछि पनि जारी रहने प्रधानमन्त्री ओलीले प्रतिबद्धता व्यक्त गरेका छन्। खेल समापनका अवसरमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाललगायत विभिन्न राजनीतिक दलका नेता कार्यकर्ताहरूको उपसस्थति रहेको थियो।

अन्तमा,

एनपिएल क्रिकेट प्रतियोगिताको पहिलो संस्करणले नेपाली खेलाडीहरूलाई एउटै प्रतियोगिता खेलेबापत २० लाख रूपैयाँसम्म पारिश्रमिक पाउने हैसियत बनाएको छ, त्यो अत्यन्त प्रशंसानीय छ। आगामी दिनमा उनीहरूको आयस्तर अझ बढाउँदै लैजानुपर्दछ। एनपिएल क्रिकेटले खेलाडी, खेलप्रेमी दर्शकहरूका साथै क्रिकेटमा लगानी गरेका व्यापारीहरूकोसमेत उत्साह बढाएको छ। यसलाई अझ स्तरीय बनाउँदै बिर्सिन नसकिने प्रतियोगिताको रूपमा निरन्तरता दिइनुपर्छ। त्यसका लागि अझ स्तरीय खेलाडीहरूलाई टिममा भित्र्याउन टिमहरूले विशेष ध्यान दिनुपर्छ। खेलाडी अक्सनका बेला देखाइएको सुझबुझको आधारमा नै यसपालि विभिन्न टिमले सफलता पाएको देखिएको छ। आगामी दिनमा खेलाडीहरूको अझ उत्कृष्ट प्रदर्शनका लागि लगानीकर्ताहरूलाई पनि उत्साहित बनाउन क्यानले बढी जोड दिनुपर्दछ। लगानीकर्ताले पनि आगामी केही प्रतियोगितासम्म नाफाको अपेक्षा गरिनु हुन्न। यस्ता प्रतियोगितालाई राजधानी काठमाडौंमा मात्र केन्द्रित नगरी अन्य जिल्लामा पनि सञ्चालनका लागि सम्बन्धित सबैले सक्रियता जनाउनुपर्ने आवश्यकता महसुस गरिएको छ। *रासस*

पृष्ठ १ बाट क्रमशः

विदेशीसँग ऋण लिएर अनुदान !

मुलुकमा प्राकृतिक विपद्का घटनाहरू भइरहन्छन्। बर्सेनिजस्तो विभिन्न प्राकृतिक विपद्बाट ठूलो धनजनको क्षेत्र हुने गरेको छ। पटक-पटक आएको भूकम्प, बाढीपहिरोले राज्यको ढुकुटीमा चाप पर्दै आएको छ। प्राकृतिक विपद्ले मुलुकलाई विकासमा झन् पछाडि धकेलिरहेको छ। २०७२ वैशाख १२ गते गोरखाको बारपाक केन्द्रबिन्दू बनाएर मुलुकमा ठूलो भूकम्प गयो। १४ जिल्लामा व्यापक क्षति भयो। अघिल्लो वर्षको कात्तिक १७ गते जाजरकोटमा भूकम्प गयो। त्यहाँका भौतिक संरचनाहरू जम्मै तहसनहस बन्यो। धेरैले ज्यान गुमाए। बाढीपहिरो हरेक वर्ष आउँछ।

यो वर्ष दसैंको मुखमा बाढीपहिरोले ठूलो क्षति पुऱ्यायो। अधिकांश स्थानका सडकहरू पहिरोले गायब नै बनायो। बाढीपहिरोमा परेर दर्जनौंको ज्यान गयो। यता, धेरैको शिरबाट छत खोसियो। सरकारले प्राकृतिक विपद्मा परेकालाई राहतस्वरूप नगद प्रदान गर्दै आएको छ।

भूकम्पमा परेर ज्यान गुमाएका मृतकको परिवारलाई सरकारले एक लाख रूपैयाँ दिएको छ। त्यसैगरी, घर बनाउन तीन लाख रूपैयाँ प्रदान गरेको छ। असोज १० गतेदेखि १२ गतेसम्म निरन्तर परेको पानीले भएको धनजनको क्षतिस्वरूप सरकारले नगद प्रदान गर्ने घोषणा गरेको थियो।

तर, अहिलेसम्म दिएको छैन। सरकारको ढुकुटीमा पैसा छैन, कहाँबाट ल्याएर राहत देओस्? यहाँ त विगतमा पीडितलाई आएको राहतमा सबैले मोजमस्ती गर्थे। अब अहिले त वास्तविक पीडितले नै राहत पाएका छैनन्। २०७२ साल गएको भूकम्पले धेरै क्षति पुऱ्यायो। सरकारले मात्र नभई विभिन्न दातृ संस्थाहरूले पनि राहत बाँडेका थिए।

राहत लिनका लागि यहाँ लुछाचुँडी भयो। सरकारबाट पनि राहत लिए, दातृ संस्थाले बाँडेको राहत पनि हत्याए। छोराछोरी अमेरिका, अस्ट्रेलियालगायत विकसित मुलुक हुने, सरकारी जागिरे, व्यापारी, काठमाडौंमा तीन-चारवटा घर भएकाले पनि राहत बुझे।

सरकारले भूकम्पमा राहत बाँड्दा वैदेशिक ऋण बढेको स्पष्टीकरण दिएको छ। यसले त एउटै अर्थ लाग्छ, नेपालीको घर विदेशी ऋणले बनेको छ। जनता राहत पाउँदा मख्ख परेका थिए। तर, सरकारले ऋण लिएर दिएको जनतालाई के थाहा। यस्तो ऋण जनताकै टाउकोमा पर्ने हो, त्यसैले जनताको टाउकोमा ऋणको भारी थप्ने काम तुरुन्त बन्द गरियोस्।

- रञ्जित लामा, कीर्तिपुर

जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

हिउँ नपरेपछि हिमाली क्षेत्रका स्थानीय चिन्तित

■ नवीन लामिछाने

मनाङ– हिउँदयाम लागेसँगै देशभर क्रमशः चिसो बढ्दै छ । हिमाली जिल्ला मनाङलगायत क्षेत्रमा त अत्यधिक चिसो बढिसकेको छ । यहाँका नदी, खोला, धाराका पानी जम्न थालेका छन् तर यसपटक हिउँ भने परेको छैन । मुख्य समयमै हिउँ नपरेपछि स्थानीय चकित छन् ।

स्थानीय हिमपात हुनुपर्ने समयमा हिउँ नै नपर्दा नियमित चक्र बिथोलिने र कृषि उत्पादन घट्ने चिन्तामा छन् । मनाङ डिस्याङ गाउँपालिका-१ पिसाङका याङदुङ गुरुङ भन्छन्, 'हामी खेती किसानी र पशुपालन गरेर जीविकोपार्जन गर्ने मान्छेलाई समस्या भएको छ । हिउँ नपरेपछि पानी हुँदैन, पानी नभए खेती । खै, के भएर होला ! आजकल समयमा हिउँ पर्न छोड्यो ।'

समयमा हिउँ नपर्दा सिँचाइको अभावमा मुख्यगरी किसानलाई समस्या भएको गुरुङको भनाइ छ । 'हिउँ परेको भए खेती पनि सप्रिन्थ्यो, त पानी नै पुग्दैन । किसानलाई त प्रकृतिले पनि ठग्न थाल्यो,' उनले सुस्केरा हाल्दै भने ।

केही वर्ष पहिलेसम्म हिउँ परेर यहाँका हिमाल सेताम्मे हुन्थे । पर्याप्त पानी हुँदा किसान 'मानो रोपी मुरी उब्जाउने' काममा व्यस्त हुन्थे । अचेल भने न हिमाल सेता छन् न त किसानले सजह रूपमा कृषिकर्म गर्न पाएका छन् ।

प्रमुख जिल्ला अधिकारी मातृका आचार्य पनि पुस लागिसक्दासमेत हिउँ परेपछि चकित छन् । हिउँ नपरी चिसो अत्यधिक बढेकाले उनलाई प्राकृतिक नियम नै फेरिएजस्तो महसुस भइरहेको छ । 'जिल्लाका अधिकांश ठाउँमा चिसोका कारण पिउने पानीसमेत जमेका छन् तर हिउँ भने परेको छैन । जसले प्रकृतिको भरमा खेती गर्नुपर्ने किसान निराश छन् । अरू मानिस नियमित प्राकृतिक चक्र नै बिथोलिन थालेकामा चिन्तित छौं,' आचार्यले भने ।

पर्यटन व्यवसायी समिति मनाङका अध्यक्ष विनोद गुरुङ विगत केही वर्षदेखि हिउँ पर्ने समय बदलिँदै गएको बताउँछन् । यसले उत्पादन घट्दै गएको र खेतीबाली नै परिवर्तन गर्नुपर्ने अवस्था आउन थालेको उनको अनुभव छ । 'हिउँकै पानीले सिँचाइ हुने यहाँ हिउँ नै नपरेपछि पानीको अभाव देखिने नै भयो । प्राकृतिक स्वभाव फेरियो, अब हामीले पो कसरी फेरिने होला ? यस्तो अवस्थासँग कसरी अनुकूलित हुने होला !,' उनले गुरुङले जिज्ञासा राखे ।

स्थानीय फुर्वा छिरिङ लामाले पनि यहाँको हावापानीमा परिवर्तन भएको अनुभव गरेका छन् । उनी भन्छन्, 'यतिबेला हिउँले सेताम्मे भएर घर बाहिर निस्कन वा कामकाज गर्नै सकस हुन्थ्यो । खै ! अचेल त हिउँ नै नपरी चिसो मात्रै बढ्छ । यो त अचम्मै भयो ।' *रासस*

जोगाइँदै रैथाने बाली

गण्डकी– रैथाने बाली संरक्षणका लागि पोखरा महानगरपालिकाले किसान लक्षित प्रोत्साहनका कार्यक्रम सञ्चालन गरेको छ । उन्नत र वर्णशंकर जातका खाद्यबालीको व्यापक विस्तार भइरहेका बेला रैथाने बाली जोगाउन महानगर लागिपरेको हो ।

पोखराको पहिचान बोकेको जेठोबूढो धानसहित कोदो, फापर, कागुनो, उवालगायत रैथानी बालीको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको महानगरको कृषि महाशाखाले जनाएको छ । महाशाखा प्रमुख मनोहर कडरियाले रैथाने बालीको खेती गर्ने किसानलाई बीउ वितरण, जग्गा तयारीलगायतमा ५० प्रतिशतसम्म अनुदान दिइएको बताए । विशेषगरी महानगरभित्रका ग्रामीण वडाका किसान रैथाने खेतीतिर आकर्षित भएको उनको भनाइ छ । 'पछिल्लो समय रैथाने बालीको माग पनि बढ्दो छ, स्वस्थ र पोषणयुक्त हुने भएकाले सहरिया उपभोक्तामाझ पनि पुरानो खाद्यवाली लोकप्रिय छ,' महाशाखा प्रमुख कडरियाले भने, 'रैथाने जातका बाली लोप हुने अवस्था देखेपछि महानगरले संरक्षणको कार्यक्रम ल्याएको हो ।' किसानलाई रैथाने बालीबाट विभिन्न परिकार बनाउने तालिमसमेत प्रदान गरिएको उनले बताए ।

परम्परागत जातका खाद्यबाली सुक्खा ठाउँमा पनि हुने भएकाले पछिल्लो समय गाउँघरमा बढिरहेको जग्गा बाँझिने क्रमलाई घटाउन उक्त कार्यक्रमबाट मद्दत पुग्ने विश्वास लिइएको महाशाखा प्रमुख कडरियाले बताए । गोरु पाल्ने किसानलाई पनि अनुदान दिन सुरु गरिएको उनले जानकारी दिए । उनले रैथाने खेती संरक्षण र प्रवर्द्धनलाई महानगरको वार्षिक बजेट तथा कार्यक्रममा समेटिएको बताए ।

रैथाने जातको खेती प्रवर्द्धनका लागि महानगरले विभिन्न मेला/महोत्सव र प्रदर्शनीमार्फत पनि किसान र उपभोक्तालाई आकर्षित गर्दै आएको छ । महानगरले उवा, कोदोलगायत बालीको न्यूनतम समर्थन मूल्य तोकेर उत्पादनको बजारीकरणमा टेवा पुर्‍याउँदै आएको छ । पोखरेली जेठोबूढो धानमा बीउ अनुदानदेखि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्दै अएको महानगरले हालै किसानलाई बजारको सुनिश्चिता दिलाएको थियो ।

महानगरपालिका र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबीच कृषिउपज खरिदसम्बन्धी सम्झौतापछि उक्त कम्पनीले किसानबाट जेठोबुठो बूढो धान खरिद गर्ने सुरु गरेको थियो । उक्त सम्झौतामा कम्पनीले महानगर क्षेत्रका कृषकले उत्पादन गरेको जेठोबूढो धान खरिद समितिले तोकेका मूल्यमा खरिद गर्नुपर्ने व्यवस्था छ । 'किसानले बढी मुनाफा लिएर आफ्नै हिसाबले बेच्न पनि सक्नुहुन्छ, न्यूनतम समर्थन मूल्यमा खाद्य कम्पनीलाई बेच्न चाहानुभयो भने कम्पनीले जुनसुकै बेला पनि खरिद गर्छ,' महाशाखा प्रमुख कडरियाले भने । उक्त धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल नौ हजार ५०० रूपैयाँ तोकिएको छ ।

महानगरपालिकाले वास्तविक किसान पहिचान र खरिद समितिले तोकेको परिमाणमा धान खरिद गर्न किसानलाई उपलब्ध गराउने जनाएको । आउँदो असार मसान्तसम्मका लागि गरिएको उक्त सम्झौतामा जेठोबूढोसँगै आवश्यकताअनुसार अन्य स्थानीय कृषिउपज पनि किसानबाट खरिद गर्न सकिने उल्लेख छ । किसानले आफ्नो खेतमा उत्पादन भएको धान कम्पनीको पृथ्वीचोक र बिरौटामा रहेको गोदामसम्म ढुवानी गर्नुपर्ने जनाइएको छ । उक्त सम्झौताले स्वादिष्ट र गुणकारी पोखरेली जेठोबूढो धानको पोखरा बाहिर पनि बजार प्रवर्द्धन भएको छ ।

यसअघि महानगरले जेठोबूढो धानलाई प्याकेजिङ र ब्राण्डिङ गरी बजारीकरणमा सहयोग पुर्‍याउँदै आएको थियो । महानगरले जेठोबूढोसहित अन्य ३५ प्रकारका कृषिउपजको समर्थन मूल्य तोकेर महानगरभित्रका किसानलाई न्यूनतम मुनाफाको मूल्य सुनिश्चित गरेको छ । महानगरले वि.सं. २०७६ देखि पाँच रोपनीभन्दा बढी क्षेत्रफलमा जेठोबूढो धानखेती गर्ने किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको थियो ।

वार्षिक १० टनसम्म उत्पादन गर्ने किसानलाई ५० प्रतिशत अनुदानमा जेठोबूढोको उन्नत बीउ प्रदान गर्दै आएको छ । महानगरको तथ्यांकअनुसार पोखरामा करिब ११ हजार २०० हेक्टर क्षेत्रफलमा धान बाली लगाउने गरिएकामा ४० प्रतिशत जति जेठोबूढोले ओगट्ने गरेको छ । *रासस*

बागमती प्रदेश सरकार
भौतिक पुर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय मकवानपुर
हेटौडा, मकवानपुर

आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०९/०८

यस कार्यालयबाट तपशिलको E–Bid मार्फत आह्वान भएका बोलपत्रहरूमा रितपूर्वक परेका बोलपत्र मध्य तपशिल उल्लेखित न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रहरूको आर्थिक बोलपत्र प्रस्ताव छनौट गर्ने प्रावधान अनुरूप सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ७ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	योजनाको नाम	निर्माण व्यवसायी, ठेगाना	कबसल अंक
1	UDBO/MAK/ NCB/ WORK/ 2081/82-01	Construction of Top floor of Hetauda Hospital Building (Block-06), Hetauda, Makawanpur	Ruby Construction, Malangwa	३,२४,७३,२५६.००

कार्यालय प्रमुख

जे.पी. एण्ड सन्स इण्डस्ट्रज प्रा. ली.
चन्द्रपुर- ५ रौतहर

मूल्य सूची

आ.व. २०८१/८२ को २०८१ पुस ०६ गते देखी यस प्रा. लि. द्वारा उत्पादित गुटखा र स्वीट सुपारी नेपाल अधिराज्य भरी बिक्री वितरण गर्नका लागी निम्न अनुसारको मूल्य कायम गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कण्डको नाम	नेशनल प्रती पाकेट	डिष्टिब्यूटर प्रती पाकेट	होलसेल प्रति पाकेट	रिटेल पाकेट प्याकेट	उपभोक्ता मूल्य	
					प्रति प्याकेट	प्रति पाउच
एभरलिफ गुटखा	१५० ग्राम	२९०	३००	३१०	४९०	७
सिल्की स्वीट सुपारी	१५० ग्राम	१८०	१९०	२००	३००	३

नोटः
- उपभोक्ता मूल्य प्याकेटमा प्रिन्ट गरिएको हुनेछ ।
- तोकिएको मूल्यमा कुने परिवर्तन भएमा कम्पनीले थप जानकारी गराउनेछ ।

शिव शंकर हाइड्रो इन्भेष्टमेन्ट लिमिटेड
रजिष्टर्ड कार्यालय, भिमदत्त न.पा.४, कञ्चनपुर
फोन नं. ९८५११६८८४०
को

प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावज्यूहरू
यस शिव शंकर हाइड्रो इन्भेष्टमेन्ट लिमिटेडको मिति २०८१/८/५ मा बसेको सञ्चालक समितिको ५ औं बैठकको निर्णयनुसार संस्थाको प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :
मिति : २०८१ साल पौष २९ गते, सोमबार (तद्नुसार १३ जनवरी २०२५)
समय : दिनको ११:०० बजे
स्थान : होटल ओपेरा, कञ्चनपुर ।

छलफलका विषयहरू
(क)सामान्य प्रस्तावहरू :
(१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
(२) लेखापरिक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका अनुसूचिहरू माथी छलफल गरि पारित गर्ने ।
(३) सञ्चालक समितिको निर्णय बमोजिम यस अघि भए गरेका कार्यहरूको अनुमोदन गर्ने ।
(४) आ.व. २०८१/८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा
(५) संचालक समितिको निर्वाचन गर्ने
(६) विविध ।
(ख)बिशेष प्रस्तावहरू :
(१) कम्पनीको ठेगाना परिवर्तन सहितको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा,
(२) कम्पनीको जारी पूँजि वृद्धि सहितको प्रबन्धपत्र संशोधन गर्ने सम्बन्धमा,
(३) प्रबन्ध-पत्र, नियमावली संसोधनको क्रममा नियमनकारी निकायहरू बाट कुनै कुराहरू फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरू तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरूप आवश्कय कार्य गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
(४) विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
हेटौडा, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०९/०८

यस केन्द्रबाट राष्ट्रिय पत्रिकामा आह्ववान गरिएको तपशिल बमोजिमको बोलपत्र अन्तर्गत तपसिलको फर्म न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतीको लागि छनौट भएको हँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ ।

S.N.	Contract Name/ Contract Number	Bidder's Name/ Address	Amount (Without VAT)
1.	PROCUREMENT OF NCD MEDICINE, National Competitive Bidding (NCB) IFB No. : HLMC/G/NCB-04/2081-82	G.H. Medihealth Concern Pvt Ltd., Bhaktapur	Nrs. 5,310,000.00
2.	PROCUREMENT OF MEDICAL RELATED ITEMS, National Competitive Bidding (NCB) IFB No. : HLMC/G/NCB-10/2081-82	G.H. Medihealth Concern Pvt Ltd., Bhaktapur	Nrs. 6,864,000.00

निर्देशक

सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिलेदेवी, रामेछाप

आशयको सूचना

प्रकाशित मिति : २०८१/०९/०८

यस आयोजनाको मिति २०८१/०७/१२ गते प्रकाशित सूचना अनुसार निम्नानुसार योजनाको बोलपत्र आह्वान गरिएकोमा सो को मूल्याङ्कन गरी तपशीलमा उल्लेखित बोलपत्रदाताको बोलपत्रहरू छनोट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिमको स्वीकृतीको आशयको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशीलः

क्र.सं.	ठेक्का नं	ठेक्काको नाम	बोलपत्रदाताको नाम	कबोल अङ्क (मू.अ.कर सहित)
१	SUN/W/ NCB/02/2081/082	Construction of Kamakhola Chaurikhola Samudayik Water Supply Project in Sunapati RM-04	P&K-Buddha JV, Doramba-01, Ramechhap	७९,७०,१०८.२२ /-

प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश सरकार
शहरी विकास तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाइ कार्यालय
लिवाङ, रोल्पा

एच.डि.पि पाईप सप्लाई कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना

www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०८

खानेपानी तथा सरसफाइ कार्यालय, रोल्पाद्वारा आ.ब.२०८१/०८२ मा यस जिल्लामा संचालित विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाहरुको लागि विभिन्न साइज र सेरिजका गुणस्तर चिन्ह प्राप्त र स्पेसिफिकेशनमा उल्लेख भए अनुसारका एच.डि.पी पाईप सप्लाई कार्यहरु खुल्ला प्रतिस्पर्धाबाट गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका नेपाली इजाजतपत्र प्राप्त उत्पादक कम्पनी, सप्लायर्स वा फर्महरुबाट e-bidding मार्फत बोलपत्र आह्ववान गरिन्छ । साथै विस्तृत सूचनाको लागि www.bolpatra.gov.np/epg मा गई डाउनलोड गरी हेर्न सकिने छ ।

क्र.सं.	बोलपत्र नं.	कामको विवरण	आयोजना स्थल	ल. ई रकम (भ्याट र पि.एस.बाहेक) रु.	बोलपत्र दस्तुर रु.	जमानत रकम रु.	कैफियत
१	WSSO/Rolpa/ NCB/Goods/ ०३/२०८१/०८२	एच.डि.पी. पाईप (PE 100 SDR NS 40:2079) सप्लाई कार्य ।	विभिन्न खानेपानी आयोजनाहरु	४२,०६,६३८/००	३०००/००	१,३१,०००/००	

कार्यालय प्रमुख

रूपशाला

सम्राटको एकल अभिनयमा 'अस्तिभन्दा हिजो'

बाल कलाकार सम्राट दाहालको एकल अभिनयमा नयाँ गीत 'अस्तिभन्दा हिजो...' को भिडियो दर्शकमाझ आएको छ । युट्युबमार्फत सार्वजनिक भिडियोमा आफूजस्तै किशोरहरूको भावना समेटिएको सम्राटले बताए । १४ वर्षीय सम्राटको यो १४औं भिडियो हो । सम्राटले पाँच वर्षको उमेरबाटै राष्ट्रिय गीतमा अभिनय गरेर अभिनय यात्रा थालेका थिए । अमेरिकामा बस्दै आए पनि सम्राटले निरन्तर मोडलिङ गरिरहेका छन् । गीतमा नेपाल आइडल सिजन-५ का विजेता करण परियारले स्वर दिएका छन् ।

पोस्टरमा चलचित्र 'एक्लो'को क्यारेक्टर



■ प्रभाव संवाददाता

काठमाडौं– नेपाली फिचर फिल्म 'एक्लो' को क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ। साइन्स फिक्सनमा आधारित रहेर निर्माण भइरहेको चलचित्रका दुई मुख्य पात्रको क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको हो । हलिउड कलाकार जेमी बेकम र डान्सर तथा अभिनेत्री कविता नेपालीको पोस्टर सार्वजनिक गरिएको हो । सार्वजनिक पोस्टरले सिनेमा स्तरीय बनेको अनुमान लगाउन सकिन्छ।

चलचित्रका निर्देशक प्रदीप शाही हुन् । शाहीको यो तेस्रो निर्देशकीय सिनेमा हो। लामो समयदेखि बेलायत बस्दै आएका शाहीले 'एक्लो' लाई हलिउडस्तरको सिनेमा बनाउने तयारीका साथ जुटेका छन् । हाल सिनेमाको लण्डनमा पोस्ट प्रोडक्सनको कार्य भइरहेको छ। चलचित्रको सम्पूर्ण कार्य सकिएपश्चात् मात्र प्रदर्शन मिति फाइनल गर्ने निर्देशक शाहीले बताए।

यो चलचित्रमा स्टारकास्टहरूको लाइन नै लागेको छ । जसमा प्रदीप खड्का, विजय लामा, सुनील थापा, दिया पुन, वेनिशा हमाल, दिनेश डिसी, कविता नेपाली, सुरजसिं ठकुरी, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोदकुमार सुवेदी क्षितिज, श्रीशेष श्रेष्ठ र बाल कलाकार जेमिन श्रेष्ठ र स्योनसविक सिंहलगायत बेलायती अभिनेता जेमी बेकनको अभिनय रहेको छ।

चलचित्र एक्लोका निर्माता राजुकुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा, बागवीर पुन हुन् भने कार्यकारी निर्माता विनोद सुवेदी क्षितिज रहेका छन् ।

बाबु श्रेष्ठको छायांकन रहेको यस चलचित्रमा राजु तामाङको द्वन्द्व निर्देशन, सेट डिजाइनरमा राजु पेन्टर, कला निर्देशनमा सन्तोष लामा तथा प्रोडक्सन डिजाइनरमा प्रेम खड्का रहेका छन् ।

रमेश विकल वाङ्मय पुरस्कार थापालाई

रमेश विकल स्मृति दिवस
तथा
पुरस्कार समर्पण समारोह
आयोजक
रमेश विकल साहित्य प्रतिष्ठान
जोरपाटी, काठमाडौं
सहआयोजक:- गोकर्णेश्वर नगरपालिका, काठमाडौं
मिति: २०८१ पौष ६ गते

काठमाडौं (प्रस)– नृत्यशास्त्री भैरवबहादुर थापालाई यस वर्षको रमेश विकल वाङ्मय पुरस्कार प्रदान गरिएको छ । रमेश विकल साहित्य प्रतिष्ठानले शनिबार आरुबारीमा आयोजना गरेको कार्यक्रममा सो पुरस्कार प्रदान गरिएको हो ।

यसैगरी मासिक १०० रूपैयाँ अभियानलाई रमेश विकल-सुशीला समाजसेवा पुरस्कार, साहित्यकार युवराज मैनालीलाई रमेश विकल सिर्जना पुरस्कार तथा अमरकुमार प्रधानलाई रमेश विकल बालसाहित्य पुरस्कार प्रदान गरिएको छ । कार्यक्रममा रमेश विकल-सुशीला संघर्षशील नारी पुरस्कार चिनीमाया माझीलाई प्रदान गरियो । रमेश विकल कला-संगीत पुरस्कार रामकृष्ण दुवाल तथा दर्शनाचार्य शोधसम्मान कमला रेग्मीलाई प्रदान गरिएको छ। पुरस्कृत व्यक्तिहरूलाई कार्यक्रमका सभापति, प्रमुख अतिथि तथा विशिष्ठ अतिथिहरूले दोसल्ला, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरेका थिए ।

